नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फोन नं.
४२०००००
४२००२८७
सिंहदरबार,काठमाडौं

प.सं. २०७४/०७५
च.न ८०

मिति :- २०७४।१२।१९

श्री जिल्ला समन्वय समितिको कार्यालय,
नवलपरासी, वर्दघाट सुस्तापूर्व ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,
नवलपरासी, वर्दघाट सुस्ता पश्चिम ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,
रुकुम पूर्व ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,
रुकुम पश्चिम ।

विषय :- जनशक्ति तथा श्रोत साधन व्यवस्थापन सम्वन्धमा ।

तत्कालिन नवलपरासी र रुकुम जिल्लाहरु क्रमश: नवलपरासी वर्दघाट सुस्ता पूर्व र नवलपरासी वर्दघाट सुस्ता पश्चिम तथा रुकुम पूर्व र रुकुम पश्चिममा विभक्त भै जिल्ला सभा र जिल्ला समन्वय समिति समेत गठन भई सकेको सन्दर्भमा विभाजन पूर्व समितिको स्वामित्वमा रहेको श्रोत साधन र कार्यरत जनशक्तिलाई देहाय अनुसार व्यवस्थापन गर्ने भनी यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७४।१२।१८ को निर्णयानुसार अनुरोध छ ।

१. मन्त्रालयले तयार गरेको जिल्ला समन्वय समितिको प्रस्तावित संगठन संरचना र दरवन्दि तेरिज अनुरुपको कर्मचारीहरु दरवन्दि मध्य नेपाल सरकारले खटाउने कर्मचारीहरु वाहेक तत्कालिन जि.स.स को कार्यालयमा कार्यरत साविक स्थानीय निकाय तर्फका कर्मचारीहरु क्रमश नवलपरासी वर्दघाट सुस्ता पूर्व र नवलपरासी वर्दघाट सुस्ता पश्चिम तथा रुकुम पूर्व र रुकुम पश्चिम जि.स.स. का कार्यालयहरुमा पुग्ने गरी व्यवस्थापन गर्ने र वाँकी रहेका कर्मचारीहरुलाई जिल्ला भित्र कै गाँउपालिका तथा नगरपालिकामा मिल्दो दरवन्दीमा कामकाज गर्न खटाउन सम्वन्धित ४ वटै जि.स.स को कार्यालयमा लेखी पठाउने ।

२. त्यसै गरी तत्कालिन सगोलको जि.स.स को कार्यालयमा रहेको कार्यालय भवन, सवारी साधन, फर्निचर, कार्यालय सामाग्रीहरु, मेसिन औजार र उपकरण तथा अन्य सम्पत्ती र श्रोत - साधन समेत सम्वन्धित जि.स.स हरु संयुक्त रुपमा वैठक वसी न्यायोचित ढंगवाट आपसी समझदारीमा विवाद नआउने गरी वाँडफाँडको व्यवस्था गरी नियमानुसार जिन्सी श्रेस्ता मिलान गरी व्यवस्थापन गर्न सम्वन्धित ४ वटै जिल्ला समन्वय समितिहरुलाई लेखी पठाउने ।

३. सम्वन्धित जि.स.स हरुले देखे र भोगेका थप कुनै विषय भए सो समेत संयुक्त वैठकले टुङ्याई सम्पत्ती, दायित्व र श्रोत-साधनको वाँडफाँड सम्वन्धी कार्यको निरोपण गर्ने ।

४. यी कार्यहरु क्रमश नवलपरासी वर्दघाट सुस्ता पूर्व र नवलपरासी वर्दघाट सुस्ता पश्चिम तथा रुकुम पूर्व र रुकुम पश्चिम जि.स.स हरुले १५ दिन भित्र सम्पन्न गरी मन्त्रालयमा जानकारी गराउन समेत लेखी पठाउने ।

प्रल्हाद कुमार कार्की
उपसचिव

**बोधार्थ**
श्री सुचना शाखा :- Website मा upload गरिदिनुहुन ।